श्री आर्थिक
Website मा सार्वजनिक
गर्नी
२०८२।१२।१२

• **मिति २०८२ साल चैत्र १२ गते बसेको नगरकार्यपालिकाको ६१ औं बैठकको प्रस्ताव तथा निर्णयहरू:-**

**प्रस्तावहरू:-**

१) O&M सर्भेका सम्बन्धमा ।

२) नगरसभाको १८ औं नगर अधिवेशन सम्बन्धमा ।

३) जग्गा सार्वजनिक कायम गरी संरक्षण गरिदिने भनी धादिङ्ग जिल्ला अदालतबाट प्रेषित ०८२-४६-००-R२२८९ मिति २०८२।१०।२१ को पत्रका सम्बन्धमा ।

४) करांते प्रशिक्षक मिथुन तामाङ्ग र ना.प.से.प्रा. राधाकृष्ण कोइरालाले पेश गरेको निवेदनका सम्बन्धमा

५) धुनिवेशी न.पा. वडा नं.५ को कार्यालयबाट प्रेषित च.नं.७८५ मिति २०८२।१०।२५ को सिफारिस पत्रका सम्बन्धमा ।

६) धुनिवेशी न.पा.१ ठूलोखोला स्थित सार्वजनिक स्थलमा आफैले घर टहरा निर्माण गरी बसोबास गरेकोमा उक्त घरटहराको भाडा रकम सम्बन्धमा

७) धुनिवेशी न.पा.-९, कानाकोट स्थित विवादित जग्गामा बनाइएका टहराको विषयमा अमिनले दिएको प्रतिवेदनका सम्बन्धमा ।

८) स्थानीय शासन कार्यसम्पादन मुल्यांकन प्रणाली (LGPAS) का सम्बन्धमा ।

९) स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा ५४ को प्रावधान बमोजिम आफ्नो क्षेत्राधिकार बाहिर गई करारोपण नगरेको स्वःघोषणाका सम्बन्धमा । (LGPAS प्रयोजनका लागी)

१०) प्रस्तावित धुनिवेशी नगर अस्पताल क्यान्टिनको भाडा दर संशोधन गर्ने सम्बन्धमा ।

११) वृद्धाविश्रामस्थल वरीपरी ऐलानी/प्रति जग्गा वृद्धाविश्रामस्थल बनाउन लिजमा लिने सम्बन्धमा ।

१२) सडक बोर्ड नेपालबाट विनियोजित रकम मध्येबाट खर्च रकम भुक्तानी हुने गरी योजना छनौट गर्ने सम्बन्धमा । (गणेशमार्ग पार्थोक खतथोक काफलचौर सडक स्तरोन्नती)

१३) विविध

(क) धुनिवेशी नगरपालिका वडा नं.६, धार्के बजारमा सेफ्टीट्यांकी ढलमा मिसाएको सम्बन्धमा ।

**निर्णय नं.१**

विज्ञ समुहको प्रस्तुतिकरण माथी शाखागत र दरबन्दीगत छलफल गरियो र संशोधन सहित प्रस्तावित दरबन्दी पुनरावलोकन गरी अन्तिम मस्यौदा यथासक्य छिटो तयार गरी पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२**

नगरसभाको १८ औं नगर अधिवशन २०८२।१२।२४ गते धुनिवेशी नगरपालिका नगरकार्यपालिकाको सभाहलमा बस्ने निर्णय गरियो ।

**निर्णय नं.३**

धादिङ्ग जिल्ला अदालतबाट प्रेषित ०८२-४६-००-R२२८९ मिति २०८२।१०।२१ को पत्र बमोजिम धुनिवेशी नगरपालिका वडा नं. २ साविक छत्रेदेउराली गा.वि.स. वडा नं.७ख कित्ता नं.९३ को सम्पुर्ण



Scanned with CamScanner
Scanned with CamScanner

जग्गा प्रतिवादीहरुको जग्गा खिचलो मेटाइं सार्वजनिक वनाइंदिने फैसला सम्बन्धमा सम्बन्धित वडाका वडा अध्यक्ष, नगर प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, अमिन सहित नगरपालिकाको प्रतिनिधिहरुको रोहवरमा स्थलगत अध्ययन गरी सम्मानित अदालतवाट भएको फैसला कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

करांते प्रशिक्षक मिथुन तामाङ्ग र ना.प.से.प्रा. राधाकृष्ण कोइराला कार्यालयको कामकाजको सिलसिलामा अकस्मात स्वास्थ्यमा गम्भिर समस्या आइं अस्पताल भर्ना भएको र डाक्टरको सल्लाह अनुसार हाल वेड रेस्ट गर्नुपर्ने भएको हुंदा निजहरुको निवेदनानुसार असाधारण विदा स्वीकृत गरी तलव भत्ता भुक्तानी गर्न कार्यालयलाइं निर्देशन दिने साथै करांते प्रशिक्षक मिथुन तामाङ्ग १२ दिन भेन्टिलेटरमा उपचार गराएको हुनाले निजलाइं रु.२ लाख नगरपालिकावाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.५**

धुनिवेशी न.पा. वडा नं.५ को कार्यालयवाट प्रेषित च.नं.७८५, मिति २०८२।१०।२५ को सिफारिस पत्रानुसार धुनिवेशी नगरपालिका वडा नं.५ स्थित ढकालखोलाको तामाङ वस्तीहरुको प्रतिनिधित्व गर्दै आएको रितिरिवाज अनुसार तामाङ समुह भवन (मरण घाट) पुर्ननिर्माण गरी नयां वनाउन वागमती प्रदेश सामाजिक विकास मन्त्रालय, सामाजिक विकास कार्यालय, गजुरीवाट कार्यपालिकाको निर्णय समेत माग भएकोले सामुहिक प्रयोगका लागी परम्परागत देखी प्रयोग गर्दै आएको उक्त मरणघाटमा नयां भवन वनाउन स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं.६**

धुनिवेशी नगरपालिका वडा नं.१ ठूलोखोला स्थित सार्वजनिक स्थलमा धेरै अगाडी देखी आफैले घर टहरा निर्माण गरी वसोवास गरेको स्थल नापजांच गर्दा सरकारी जग्गा पर्न गएकोले अर्को व्यवस्था नभएसम्मका लागी निर्णय भएको मिति देखी लागू हुने गरी उक्त स्थानमा रहेका सम्पुर्ण घर/टहराका लागी मासिक रु.१०,०००।- (अक्षरुपी दश हजार रुपैयां) भाडा लिई अल्पकालिन रुपमा प्रयोग गर्न दिने निर्णय गरियो ।

**निर्णय नं.७**

धुनिवेशी नगरपालिका वडा नं.९, कानाकोट स्थित पाण्डे परिवारको सन्धि सर्पणको लागी प्रयोग भएको जग्गामा अन्धाधुन्ध मेसिन लगाई जग्गा मिचि, हडपी, खनंजोत गरी ढुङ्गा, माटो र रुख समेत विक्रि वितरण गरी खाली जग्गामा नक्सा पास नगरी घर टहरा निर्माण गरेको भन्ने विषयक गुनासो वमोजिम जनप्रतिनिधि, सांधसंधियार समेतको उपस्थितिमा फिल्ड नापजांच गरी प्रतिवेदन पेश गर्न अमिन श्री पुर्ण धितालालाई जिम्मेवारी दिइएकोमा अमिन श्री पुर्ण धितालले मिति २०८२।१२।०९ मा पेश गरेको प्रतिवेदनानुसार उक्त जग्गामा वनेको शौचालय र टहरा सार्वजनिक जग्गामा वनेको एकिन हुन आएकोले सो शौचालय र टहरा भत्काउन लगाउने र नभत्काई अटेर गरेमा नगरपालिका आफैले भत्काई भत्काउन लागेको खर्च असुल उपर गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

Scanned with CamScanner

**निर्णय नं.८**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हाल प्रयोगमा ल्याएको स्थानीय शासन कार्यसम्पादन मुल्यांकन प्रणाली (LGPAS) मा धुनिवेशी नगरपालिकाले आ.व.२०८१।०८२ मा सम्पन्न गरेका वार्षिक बजेट, योजना तथा कार्यक्रमहरुको विवरण (LGPAS) प्रणालीमा प्रविष्टि गरी तोकिएको समयमै पूर्णता दिने निर्णय गरियो ।

**निर्णय नं.९**

स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा ५४ को प्रावधान अनुसार कानून वमोजिम यस धुनिवेशी नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्र बाहेक कुनैपनि प्रकारका कर लगाउने, उठाउने र ऋण लिने कार्य नगरिएको स्वघोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

धुनिवेशी नगरपालिका वडा नं.७ मा संचालित प्रस्तावित धुनिवेशी नगर अस्पताल हाता भित्र क्यान्टिन सञ्चालन/व्यवस्थापनका लागि ३ पटक सम्म न्यूनतम भाडादर रु.५,०००।- (अक्षरुपी पाँच हजार रुपैयाँ) तोकी प्रस्ताव आव्हान गर्दा कुनै पनि संघ संस्था/व्यक्तिहरुवाट प्रस्ताव नपरेको हुँदा उक्त भाडादर संशोधन गरी न्यूनतम भाडादर रु.२,०००।- (अक्षरुपी दुई हजार रुपैयाँ) कायम गरी पुन: प्रस्ताव आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**

धुनिवेशी नगरपालिका वडा नं.२ स्थित रातमाटेमा रहेको वृद्धाविश्राम स्थल भवन वरीपरी रहेको ऐलानी/प्रति जग्गा लिजमा लिई वृद्धाविश्रामस्थलको लागी उपयोग गर्न कानूनी प्रक्रियामा जाने निर्णय गरियो ।

**निर्णय नं.१२**

सडक वोर्ड नेपालको च.नं.६७८ मिति २०८२।०९।२८ को पत्रानुसार प्राप्त हुने ३० लाख वजेट र नगरपालिकाको हिस्सा समेतवाट खर्च रकम भुक्तानी हुने गरी गणेशमार्ग पार्थोक खतथोक काफलचौर सडक स्तरोन्नती योजना छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३ (विविध-क)**

धुनिवेशी नगरपालिका वडा नं.६, धार्के वजारमा व्यक्तिहरुको घरवाट निकास गरिएको दिसाजन्य पदार्थ सेफ्टीट्यांकी नवनाई सिधै ढलमा मिसाएको भन्ने गुनासोका सम्वन्धमा नगरप्रहरीले स्थलगत अवलोकन गरी पेश गरेको प्रतिवेदनलाई समेत विचार गर्दा घरवाट निस्किएको दिसाजन्य पदार्थ सेफ्टीट्यंकी वनाई व्यवस्थापन गर्न निर्देशन दिने र यदि दिसाजन्य पदार्थ र वंगुरको फोहोर सडकमा र खोला, खोल्चीमा फालेमा कानून वमोजिम कारवाही हुने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

Scanned with CamScanner